# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, असार २३ गते, २०८२ साल (अतिरिक्ताङ्क ३

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८२



सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले ऐनको दफा १३१ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम **"सुदूरपश्चिम प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८२"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ (यसपछि मूल नियमावली भनिएको) को नियम १६ मा संशोधन:** मूल नियमावलीको नियम १६ को उपनियम (६) को सट्टा देहायको उपनियम (६) र (६क) राखिएको छः-

(६) साविकको राजपत्र अनङ्कित द्वितीय श्रेणीको खरिदार वा सो सरहको पदबाट कर्मचारी समायोजन ऐन बमोजिम सहायक पाचौं तहमा समायोजन भई हाल प्रदेशमा कार्यरत कर्मचारीको हकमा ऐन र यस नियमावली बमोजिम सम्बन्धित सेवा, समूह र उपसमूहको सहायक पाचौं तहको पदमा सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र ऐनको दफा ३८ बमोजिमको सेवा अवधि पूरा भएको भएमा अधिकृत छैटौं तहमा तहवृद्धि गरिनेछ।

(६क) उपनियम (६) बमोजिम तहवृद्धि गर्दा आवश्यक पर्ने सहायक पाचौं तहको दरवन्दी सम्बन्धित सेवा, समूह र उपसमूहको सहायक पाचौं तहको रिक्त

रहेका दरबन्दीबाट मिलान गरिनेछ। यसरी दरबन्दी मिलान गर्दा अपुग भएको दरवन्दीको हकमा स्वतः पाचौं तहको दरवन्दी कायम भएको मानिनेछ। यसरी स्वतः पाचौं तहको दरवन्दी कायम भएको कर्मचारीको साविकको दरबन्दी खारेज हुनेछ।

३. <u>मूल नियमावलीको परिच्छेद-३ मा संशोधनः</u> मूल नियमावलीको परिच्छेद-३ को नियम २४ पछि देहायका नियम २४क., २४ख. र २४ग. थपिएका छन्:-

२४क. <u>प्रदेशस्तरीय संगठन संरचना एवम् दरबन्दी व्यवस्थापन समितिः</u> (१) नियम २४ बमोजिमको समितिबाट प्राप्त हुन आएको संगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी सिफारिसका सन्दर्भमा प्रदेश सरकारको नीति, योजना, कार्यक्रम, कार्यक्षेत्र एवम् उल्लिखित संरचना र जनशक्तिको आवश्यकता तथा सान्दर्भिकता समेतको विश्लेषण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष पेश गर्न देहाय बमोजिमको समिति हुनेछः-

(क) सचिव (प्रशासन महाशाखा हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -संयोजक

(ख) सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ग) सचिव (कानुन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, सम्बन्धित मन्त्रालय -सदस्य





(ङ) प्रशासन शाखा प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको बैठक सञ्चालनसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) नियम २४ बमोजिम प्राप्त भएको सिफारिससम्बन्धी विषयमा उपनियम (१) बमोजिमको समितिले छलफल गरी सुझाव सहितको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ।

तर अस्थायी संगठन संरचना र दरबन्दी सिर्जनासम्बन्धी विषयमा सिफारिस प्राप्त भएको पन्ध्र दिनभित्र उपनियम (१) बमोजिमको समितिले सुझाव सहितको प्रतिवेदन सम्बन्धित मन्त्रालयमा फिर्ता गरिसक्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संगठन संरचना र दरबन्दी सिर्जनासम्बन्धी विषय प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्न आर्थिक मामिला हेर्ने मन्त्रालयको राय परामर्श एवम् सहमति लिई नियमानुसारको प्रस्ताव तयार गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ।

तर अस्थायी संगठन संरचना र दरबन्दी सिर्जना गर्ने विषयमा सम्बन्धित मन्त्रालयले संगठन संरचना र दरबन्दी सिर्जनासम्बन्धी विषयको प्रस्ताव प्रदेश सरकार (मन्त्रिपरिषद्) मा पेश गर्न आर्थिक मामिला हेर्ने मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको राय परामर्श एवम् सहमति लिई नियमानुसारको प्रस्ताव तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।

२४ख. <u>अस्थायी संरचनाः</u> (१) कुनै अस्थायी कार्यालय वा आयोजना स्थापना वा परिमार्जन वा निरन्तरता गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला हेर्ने मन्त्रालयको पूर्व स्वीकृति लिई प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नुपर्नेछ। यसरी पेश भएको प्रस्ताव उपर प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भए बमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय आफैले वा अन्तर्गतका निकायले सम्पादन गर्नसक्ने प्रकृतिको कार्य गर्न अस्थायी संरचना खडा हुने छैन।

२४ग. <u>अस्थायी संरचनाको लागि दरबन्दीः</u> (१) नियम २४ख. बमोजिमको अस्थायी संरचनाका लागि आवश्यक पर्ने दरवन्दी संख्या सम्बन्धित मन्त्रालयले नियम २४ बमोजिमको समितिबाट निर्णय गराई सहमतिका लागि नियम २४क.



खण्ड ९) अतिरिक्ताङ्क ३, प्रदेश राजपत्र भाग २ मिति २०८२।०३।२३

बमोजिमको समितिसमक्ष पेश गर्न लेखी पठाउनु पर्नेछ। यसरी पेश गर्दा संरचना र दरबन्दीको आवश्यकतासम्बन्धी औचित्य र कारण स्पष्ट हुनेगरी उल्लेख गर्नुपर्छ।

(२) नियम २४क. बमोजिमको समितिबाट उपनियम (१) अनुसारको अस्थायी संरचना र दरबन्दीमा सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला मन्त्रालयको सहमति लिई प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) अस्थायी आयोजना वा कार्यालयको दरबन्दीसम्बन्धी विषयमा हरेक आर्थिक वर्षका लागि छुट्टै निर्णय गर्नु पर्नेछ। आर्थिक वर्ष सुरु भएको पन्ध्र दिनभित्र अस्थायी दरबन्दीका विषयमा निर्णय गर्नुपर्नेछ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐन र नियमको अधिनमा रही संगठन संरचना तथा दरबन्दी व्यवस्थापन सम्बन्धी प्रक्रिया प्रारम्भ गर्नुपर्ने भएमा सोको आवश्यकता र औचित्यता खुलाई प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट पूर्वस्वीकृति लिनु पर्नेछ।

४. <u>मूल नियमावलीको नियम ३२ मा संशोधनः</u> मूल नियमावलीको नियम ३२ झिकिएको छ।

५. **<u>मूल नियमावलीको नियम ४६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ४६ मा-

१. उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

१क. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपनियम (१) बमोजिमको समय तालिकाभन्दा अघि वा पछि कुनै कर्मचारीलाई सरूवा गर्नु परेमा आवश्यकता र औचित्यताको समेत विश्लेषण गरी रिक्त दरबन्दीमा सरूवा गर्न सक्नेछ।

२. उपनियम (५) को दोस्रो पङ्क्तीमा रहेका "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले" भन्ने शब्दहरू झिकिएका छन्।

३. उपनियम (६) को पाचौं पङ्क्तीमा रहेको "कार्यालय" भन्ने शब्दको अगाडि "/निकाय/मन्त्रालय" भन्ने शब्दहरू थपिएका छन्।

६. **<u>मूल नियमावलीको नियम ५३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ५३ को उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छः-

"(७) ऐन र यस नियम बमोजिम कुनै कर्मचारीलाई काजमा खटाउँदा सम्बन्धित सेवा समूह र उपसमूहको रिक्त दरबन्दीमा मात्र खटाउनु पर्नेछ। प्रदेश निजामती सेवाको पद नभएको प्रदेश सरकारको प्रतिष्ठान वा आयोग वा समिति वा सचिवालयको अनुरोधमा स्वीकृत दरबन्दीको संख्यामा नबढ्ने गरी मिल्दो सेवा, समूहको कर्मचारीलाई मात्र काजमा खटाउनु पर्नेछ ।"





७. **<u>मूल नियमावलीको नियम ७२ मा संशोधनः</u>** मूल नियमावलीको नियम ७२ को उपनियम (१) मा रहेको "भई" भन्ने शब्दको पछाडि "वा आफ्नो" भन्ने शब्दहरू थपिएका छन् ।

८. **<u>मूल नियमावलीको नियम ७४ मा संशोधनः</u>** मूल नियमावलीको नियम ७४ को उपनियम (९) झिकिएको छ।

९. **<u>मूल नियमावलीको नियम ९१ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९१ मा रहेको उपनियम (२) पछि देहायका उपनियम (३) र (४) थपिएका छन्:-

(३) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भई प्रदेशमा कार्यरत कर्मचारीको हकमा हुने तहवृद्धि र बढुवाको लागि आवश्यक शैक्षिक योग्यता समायोजन ऐन वा सम्बन्धित संघीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

तर प्रदेशमा एक पटक तहवृद्धि र एक पटक बढुवा भइसकेको कर्मचारीको तहवृद्धि र बढुवाको लागि आवश्यक शैक्षिक योग्यता ऐन र यस नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(४) प्रदेश स्वास्थ्य सेवाका कर्मचारीको हकमा बढुवा र आन्तरिक प्रतियोगिताको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता लगायतका आधारहरु संघीय कानून बमोजिम हुनेछन्।

१०. **<u>मूल नियमावलीको नियम १०० मा संशोधनः</u>** मूल नियमावलीको नियम १०० मा रहेको कर्मचारी भन्ने शब्द

अगाडि उपनियम (१) कायम गरी देहायको उपनियम (२) थपिएको छः-

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ हुनुअघि कार्यरत कर्मचारीको हकमा भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कन वापत प्राप्त गर्ने अङ्क गणना गर्दा साविकको संघीय कानून बमोजिम गर्नु पर्नेछ।

११. <u>मूल नियमावलीको नियम १०७ मा संशोधनः</u> मूल नियमावलीको नियम १०७ मा-

१. उपनियम (१) मा रहेको "बमोजिम" भन्ने शब्द पछाडि "आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा पदपूर्तिका लागि" भन्ने शब्दहरू थपिएका छन्।

२. उपनियम (१) को खण्ड (क) र (ख) मा रहेका "प्रदेश निजामती सेवा" भन्ने शब्दहरूको सट्टा "प्रदेश निजामती सेवामा बहाल रहेको सम्बन्धित सेवा, समूह वा उपसमूह" भन्ने शब्दहरू राखिएका छन्।

३. उपनियम (३) मा रहेका "उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू झिकिएका छन्।

१२. <u>मूल नियमावलीको नियम १५४ मा संशोधनः</u> मूल नियमावलीको नियम १५४ मा रहेको कर्मचारीको भन्ने शब्द अगाडि उपनियम (१) कायम गरी देहायको उपनियम (२) थपिएको छः-

(२) समायोजन ऐन बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारीहरूले ऐन र यस नियमावलीका अतिरिक्त





सम्बन्धित संघीय कानूनले तोके बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी तोकिएको निकायमा पेश गर्नु पर्नेछ।

१३. <u>मूल नियमावलीको नियम १५५ मा संशोधनः</u> मूल नियमावलीको नियम १५५ को उपनियम (२) मा रहेको "समकक्ष" भन्ने शब्दको सट्टा "सम्बद्धता" भन्ने शब्द राखिएको छ।

१४. <u>मूल नियमावलीको अनुसूची-५ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-५ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(क) क्रम संख्या १ को प्रदेश आर्थिक योजना तथा तथ्याङ्क सेवाको तह ६ को पदनाम "सहायक तथ्याङ्क अधिकृत" को सट्टा "अधिकृत (तथ्याङ्क)" राखिएको छ।

(ख) क्रम संख्या २ को प्रदेश इन्जिनियरिङ्ग सेवामा

(१) सिभिल समूहका सबै उपसमूहहरूको तह ९ को पदनाम "डिभिजनल इन्जिनियर" को सट्टा "सिनियर डिभिजनल इन्जिनियर" र तह १० को पदनाम "सिनियर डिभिजनल इन्जिनियर" को सट्टा "प्रमुख सिनियर डिभिजनल इन्जिनियर" राखिएको छ।

(२) सिभिल समूहका सबै उपसमूहहरूको तह ६ को पदनाम "प्राविधिक अधिकृत" को सट्टा "अधिकृत (इन्जिनियरिङ्ग)" राखिएको छ।

(३) मेकानिकल समूहको तह ८, ७, ६ र १ को उपसमूह "जनरल मेकानिकल" र तह ५ को

उपसमूह "जनरल मेकानिकल/निर्माण उपकरण सम्भार" राखिएको छ।

(४) सिभिल समूहको स्यानिटरी उपसमूह अन्तर्गत तह ५ मा "खानेपानी तथा सरसफाई टेक्निसियन" पद थपिएको छ।

(५) इरिगेसन समूहको तह ४ झिकिएको छ र तह ५ को पदनाममा रहेको "सि.ए.ओ." झिकिएको छ।

(६) एगृ इरिगेसन समूह अन्तर्गत देहायको तह र पदनाम कायम गरिएको छः

| तह | पदनाम | सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १० | प्रमुख सिनियर डिभिजनल इन्जिनियर | |
| ९ | सिनियर डिभिजनल इन्जिनियर | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण। |
| ८ | वरिष्ठ इन्जिनियर | |
| ७ | इन्जिनियर | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |





| | | |
|---|---|---|
| ६ | एशोसियसन अर्गनाइजर अधिकृत | |
| ५ | सिनियर एशोसियसन अर्गनाइजर | मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |
| ४ | एशोसियसन अर्गनाइजर | मान्यताप्राप्त शिक्षण संस्थाबाट टि.एस.एल.सी वा एस.एल.सी वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त। |

(ग) क्रम संख्या ३ को प्रदेश कृषि सेवामा

(१) "एग्री इकोनोमिक्स एण्ड एग्री मार्केटिङ्ग" समूहको सट्टा "एग्री इकोनोमिक्स एण्ड मार्केटिङ्ग" भन्ने समूह कायम गरी सोही समूहको तह ९ अन्तर्गतको पदनाम "निर्देशक" को सट्टा "कृषि अर्थ निर्देशक" कायम गरिएको छ।

(२) फूड न्यूट्रिसन एण्ड क्वालिटी कन्ट्रोल समूह अन्तर्गत ५ तहको खाद्य प्राविधिक पदको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यतामा रहेको “मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय लिई प्रमाणपत्र वा आइ.एस्सी.एग्री. वा सो सरह उत्तिर्ण वा

जे.टि.ए. कृषि विज्ञान तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टि.एस.एल.सी. उत्तिर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त" भन्ने शब्दहरूको सट्टा "मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.टेक. उत्तिर्ण वा खाद्य प्रविधि विषयमा तीन वर्ष अवधिको डिप्लोमा तह वा सो सरह उत्तिर्ण" भन्ने शब्दहरू राखिएका छन्।

(घ) क्रम संख्या ४ को प्रदेश न्याय सेवामा

(१) कानून समूहको तह ६ को पदनाम "सहायक कानून अधिकृत" को सट्टा "अधिकृत (कानून)" राखिएको छ।

(२) कानून समूहको तह ५ को पदनाम "कानून सहायक" को सट्टा "वरिष्ठ कानून सहायक" राखिएको छ।

(ङ) क्रम संख्या ५ को प्रदेश प्रशासन सेवामा

(३) सामान्य प्रशासन समूहको तह ६ को पदनाम "सहायक प्रशासकीय अधिकृत" को सट्टा "अधिकृत (प्रशासन)" राखिएको छ।

(४) सामान्य प्रशासन समूह अन्तर्गत तह १, पदनाम "कार्यालय सहयोगी" भन्ने शब्दहरू थपिएका छन्।

(५) लेखा समूहको तह ६ को पदनाम "सहायक लेखा अधिकृत" को सट्टा "अधिकृत (लेखा)" राखिएको छ।



खण्ड ९) अतिरिक्ताङ्क ३, प्रदेश राजपत्र भाग २ मिति २०८२।०३।२३

(६) राजश्व समूहको तह ६ को पदनाम "सहायक राजश्व अधिकृत" को सट्टा "अधिकृत (राजश्व)" राखिएको छ।

(च) क्रम संख्या ६ को प्रदेश वन सेवामा

(१) जनरल फरेष्ट्री समूहको तह १० मा रहेको “वरिष्ठ उपसचिव (प्रा.)/वरिष्ठ उप निर्देशक (ज.फ.)/वरिष्ठ डिभिजनल वन अधिकृत” भन्ने पदनामको सट्टा “वरिष्ठ उपसचिव (प्रा./ज.फ.)/निर्देशक/वरिष्ठ डिभिजनल वन अधिकृत” भन्ने पदनाम राखिएको छ।

(२) जनरल फरेष्ट्री समूहको तह ९ मा रहेको “उपसचिव (प्रा.)/उप निर्देशक (ज.फ.)/ डिभिजनल वन अधिकृत” भन्ने पदनामको सट्टा “उपसचिव (प्रा./ज.फ.)/उपनिर्देशक/डिभिजनल वन अधिकृत” भन्ने पदनाम राखिएको छ।

(३) जनरल फरेष्ट्री समूहको तह ८ को वरिष्ठ वन अधिकृत पदको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता खण्डलाई तह ७ को वन अधिकृत पदको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता खण्डबाट अलग गरी सोमा रहेको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यताको विवरण तह ७ को सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यताको विवरण कायम गरी तह ८ को वरिष्ठ वन अधिकृत पदको

सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता खण्डमा कुनै कुरा उल्लेख गरिएको छैन ।

(४) स्वायल एण्ड वाटर कन्जरभेसन समूहको तह १० मा रहेको "वरिष्ठ उपनिर्देशक (स्वायल)/वरिष्ठ जलाधार व्यवस्थापन निर्देशक" भन्ने पदनामको सट्टा "वरिष्ठ उपसचिव (प्रा./स्वायल)/वरिष्ठ डिभिजनल जलाधार व्यवस्थापन अधिकृत" भन्ने पदनाम राखिएको छ।

(५) स्वायल एण्ड वाटर कन्जरभेसन समूहको तह ९ मा रहेको "उपनिर्देशक (स्वायल)/जलाधार व्यवस्थापन अधिकृत" भन्ने पदनामको सट्टा "उपसचिव (प्रा./स्वायल)/डिभिजनल जलाधार व्यवस्थापन अधिकृत" भन्ने पदनाम राखिएको छ।

(६) फरेष्ट रिसर्च समूहको तह ६ मा रहेको "सहायक वन अधिकृत" भन्ने पदनामको सट्टा "सहायक अनुसन्धान अधिकृत" भन्ने पदनाम राखिएको छ।

(७) बोटानी समूहको तह ७, वैज्ञानिक अधिकृतको सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यतामा रहेका "मान्यताप्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु/पार्क व्यवस्थापन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण





व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण" भन्ने शब्दहरूको सट्टा "मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पती शास्त्र (बोटानी) विषयमा स्नातक वा सो सरह उत्तीर्ण" भन्ने शब्दहरू राखिएका छन्।

(छ) क्रम संख्या ७ को प्रदेश शिक्षा सेवामा

(१) शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको तह ५ को पदनाममा रहेको "शिक्षा सहायक" को सट्टा "वरिष्ठ शिक्षा सहायक" राखिएको छ।

(२) शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको तह ६ को पदनाममा रहेको "सहायक शिक्षा अधिकृत" को सट्टा "अधिकृत (शिक्षा)" राखिएको छ।

(३) शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको तह ९ को पदनाममा रहेको "उपनिर्देशक" को सट्टा "निर्देशक" राखिएको छ।

(४) शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको तह १० को पदनाममा रहेको "निर्देशक" को सट्टा "वरिष्ठ उपसचिव/वरिष्ठ निर्देशक" राखिएको छ।

(ज) क्रम संख्या ९ को प्रदेश विविध सेवामा-,

(१) विविध सेवामा रहेको विविध समूह झिकिएको छ।

(२) तह ८ मा "वरिष्ठ कम्प्यूटर अधिकृत/ वरिष्ठ कम्प्युटर इन्जिनियर/वरिष्ठ सूचना प्रविधि अधिकृत" भन्ने पदनामहरू थपिएका छन् ।

(३) "तह ९, पदनाम महिला विकास निर्देशक र सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण" र "तह १०, पदनाम वरिष्ठ महिला विकास निर्देशक" भन्ने शब्दहरू थपिएका छन्।

(४) ७ औं तहको पदनाममा रहेको "कम्प्यूटर अधिकृत" को सट्टा "कम्प्यूटर अधिकृत/ कम्प्युटर इन्जिनियर/सूचना प्रविधि अधिकृत" राखिएको छ।

(५) तह ६ को पदनाम "सहायक कम्प्युटर अधिकृत" को सट्टा अधिकृत (कम्प्युटर) र "सहायक महिला विकास अधिकृत" को सट्टा "अधिकृत (महिला विकास)" राखिएको छ।

(६) तह १ झिकिएको छ।

१५. <u>मूल नियमावलीको अनुसूची-६ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-६ मा-,

(१) प्रदेश इन्जिनियरिङ्ग सेवा अन्तर्गत मेकानिकल समूहको उपसमूहमा "जनरल मेकानिकल र निर्माण उपकरण सम्भार" राखिएका छन्।

(२) प्रदेश विविध सेवा अन्तर्गत रहेको "विविध समूह" झिकएको छ।





१६. <u>मूल नियमावलीको अनुसूची-७ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-७ अन्तर्गत अधिकृत एघारौं तहमा रहने पदहरूको खण्ड (घ) मा रहेको "महानिर्देशक" को सट्टा "प्रदेश वन निर्देशक" राखिएको छ।

१७. <u>मूल नियमावलीको अनुसूची-१८ मा संशोधनः</u> मूल नियमावलीको "अनुसूची-१८" को सट्टा देहायको "अनुसूची-१८" राखिएको छः-

अनुसूची-१८

(नियम ४९ को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धित)

सरुवा पत्र

महाशय,

सुदूरपश्चिम प्रदेश सरकार,................मन्त्रालय/कार्यालय (.......स्तर) को मिति ........................को निर्णयानुसार तपाईंलाई सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २६ बमोजिम सरुवा गरिएको छ। प्रचलित कानुन बमोजिम तोकिएको म्यादभित्र बरबुझारथ गरी सरुवा भएको कार्यालयमा हाजिर हुन जानुहोला।

| हाल कार्यरत पदको विवरण | सरुवा भएको पदको विवरण |
|---|---|
| सेवा/समूह/उपसमूहः--------------------------------- | सेवा/समूह/उपसमूहः------------------------ |
| पदः------------------------------------------------ | पदः------------------------------------------- |
| तहः------------------------------------------------ | तहः------------------------------------ |
| कार्यरत मन्त्रालय/आयोग/सचिवालय/कार्यालयः------------------------------------------------------ | सरूवा भएको मन्त्रालय/आयोग/सचिवालय/ कार्यालयः---------------------------------- |





श्री........................................

कर्मचारी सङ्केत नम्बरः-..............................

----------------

----------------

दस्तखत)

नामः

पदः

बोधार्थ तथा कार्यार्थः-

श्री प्रदेश किताबखाना, सुदूरपश्चिम प्रदेश, धनगढी।

श्री कर्मचारी सञ्चयकोष, शाखा कार्यालय, धनगढी।

श्री नागरिक लगानी कोष, क्षेत्रीय कार्यालय, कैलाली।

......................................

१८. मूल नियमावलीको अनुसूची-२६ मा संशोधनः मूल नियमावलीको अनुसूची-२६ मा कर्मचारीले प्रयोग गर्ने तालिकाको मुनि दायाँतिर रहेको “कर्मचारीको सही र मिति” लाई बाँयातिर राखी दायाँतिर “सिफारिस गर्ने कर्मचारीको नाम, पद र सही” भन्ने शब्दहरू थप गरिएका छन्।

१९. मूल नियमावलीको अनुसूची-२८ मा संशोधनः मूल नियमावलीको अनुसूची-२८ मा रहेका क्रम संख्या "३, ४, ५ र ८" को सट्टा देहायका क्रम संख्या "३, ४, ५ र ८" राखिएका छन्:

३. **सेवाको विवरण (शुरुदेखि हालसम्मको)**

| क्र.स. | पदको नाम, श्रेणी/तह, सेवा, समूह, उपसमूह | कार्यालयको नाम | नियुक्ति, बढुवा वा सरूवाको निर्णय मिति | न्यूनतम शैक्षिक योग्यताको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. **हालको तहमा वा समायोजन हुनुभन्दा पहिलेको समान तहको पदमा हालको मितिमा पुग्ने जम्मा सेवा अवधि:- ................वर्ष,..............महिना,............. दिन।**

५. **सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ अनुसार तहवृद्धिको लागि योग्य भएको/ नभएको अवस्था:-(उपयुक्त वक्समा चिन्ह लगाउनुहोस्)**

(क) तपाईं हाल निलम्बनमा रहनुभएको छ □ / छैन □।

(ख) तपाईंले हालको पदमा नसिहत पाउनु भएको छ □ / छैन □।

(अ) तपाईंले हालको पदमा नसिहत पाएको एकवर्ष अवधि पूरा भएको छ □ /छैन □।





(ग) तपाईं हाल बढुवा रोक्का भएको अवधिमा हुनुहुन्छ ? छ □ / छैन □।

(घ) तपाईंको हाल तलबवृद्धि रोक्का भएको छ □ / छैन □ ।

(ङ) नियमानुसार तपाईंले सेवा /समूह परिवर्तन गर्नुभएको छ □ / छैन □।

(अ) तपाईंले सेवा /समूह परिवर्तन गर्नुभएको भए तीन वर्ष अवधि पुगेको छ □ / छैन □।

(च) पेशासँग सम्बन्धित व्यवसायी परिषद्ले हाल तपाईंलाई निलम्बन गरेको छ □ / छैन □।

८. **तहवृद्धिको निर्णय** *(कार्यलिय प्रयोजनको लागि मात्र)*

(क) आवेदक कर्मचारीले यस अनुसूचीको क्रम संख्या ४ बमोजिम हालको तहमा पूरा गरेको सेवा अवधि: - ........................वर्ष................महिना...............दिन।

(ख)आवेदक कर्मचारीको पछिल्लो तीन आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अङ्क र सो को औसत:

(अ) आर्थिक वर्ष ......... को अङ्क –......

(आ) आर्थिक वर्ष ......... को अङ्क –......

(इ) आर्थिक वर्ष ......... को अङ्क –......

(ग) उपरोक्त बमोजिम तीन आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त औसत अंक.........।

आवेदक कर्मचारी श्री ------------ (क.सं.नं.------)को सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ बमोजिमको तोकिएको न्यूनतम सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कनको अङ्क प्राप्त गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूहमा तहवृद्धि गर्ने निर्णय गरिएको छ।

| | |
|---|---|
| निर्णय मितिः- | तहवृद्धिको निर्णय लागु हुने मितिः- |
| तहवृद्धि हुने तहः- | सेवाः- |
| समूह/उपसमूहः- | पदः- |
| ………………… | ………………… |
| <u>तहवृद्धिको सिफारिस गर्ने</u> | <u>तहवृद्धिको निर्णय गर्ने</u> |
| (प्रशासन महाशाखा/शाखा प्रमुख) | (सचिव) |
| नामथरः- | नामथरः- |
| कर्मचारी संकेत नम्बरः- | कर्मचारी संकेत नम्बरः- |
| पद/श्रेणी/तहः- | |
| (मन्त्रालयको छाप) | |

२०. <u>मूल नियमावलीको अनुसूची-३० मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-३० को ठाउँ ठाउँमा रहेका “अधिकृत छैटौं तह र” र खण्ड (ग) मा रहेका “अधिकृत छैटौं,” भन्ने शब्दहरू झिकिएका छन्।

२१. <u>मूल नियमावलीको अनुसूची-३१ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-३१ मा ठाउँ ठाउँमा रहेका “अधिकृत सातौं तहदेखि माथि” भन्ने शब्दहरूको सट्टा “अधिकृत छैटौं तहदेखि माथि” राखिएका छन् र खण्ड (ग) मा रहेका “अधिकृत सातौं” भन्ने शब्दहरू अगाडि “अधिकृत छैटौं/” भन्ने शब्दहरू थपिएका छन्।

**आज्ञाले,**
**यज्ञ पुरी**
**प्रदेश सरकारको सचिव**



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु.१०।-